# वार्षिक स्वास्थ्य प्रतिवेदन

## आ.व.२०७७।०७८



बराहताल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

**स्वास्थ्य शाखा**

कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

बराहताल गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

प.सं.०७८/०७९
च.नं.१६६०

## मन्तव्य

बराहताल गाउँपालिकामा स्वास्थ्य शाखाको मातहतमा रहेका सम्पूर्ण स्वास्थ्य संस्थाबाट गुण्स्तरिय स्वास्थ्य सेवा प्रवाह गरी बराहतालका जनताको स्वास्थ्य स्थितिमा सुधार गर्ने उदेश्यले गत वर्षको तुलनामा वर्तमान अवस्था, स्वास्थ्य संस्थाको अवस्था, जनशक्तिको व्यवस्थापन र आवश्यक औषधि तथा अन्य औजार उपकरणको अवस्था बराहताल गाउँपालिका भित्र रहेका समष्टिगत स्वास्थ्यको गत ३ वर्ष को मानचित्रलाई यर्थातमा परिणत गरि स्वास्थ्य शाखाले स्वास्थ्य प्रोफाइल बनाउन लागेकोमा हार्दिक धन्यवाद दिन चाहान्छु । स्वास्थ्य शाखाको मातहतमा रहेका स्वास्थ्य संस्था, सामुदायिक स्वास्थ्य इकाइ, खोप किल्निक, गाउँघर किल्निक र सामुदायिक स्वास्थ्य स्वयंसेविका बाट गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गरेका छन् भनि मैले बिस्वास लिएको छु । अन्तमा यो प्रोफाइल तयार गर्ने स्वास्थ्य शाखाका स्वास्थ्य शाखा प्रमुख राजु बस्नेत लगाएत स्वास्थ्य शाखाका टिम, स्वास्थ्य संस्थाका सम्पुर्ण कर्मचारी, महिला स्वास्थ्य स्वयं सेविका लगाएत सम्पूर्ण स्वास्थ्य कर्मि तथा सहयोगी स्वास्थ्यका लागि सक्षम प्रणालीका टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी वर्षहरूमा पनि प्रोफाइल बनाउने कार्यले निरन्तरता पावस भनि हार्दिक शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।।

तेज बहादुर बस्नेत
अध्यक्ष

नतिजामुखी प्रशासनः समृद्धि र सुशासन

कुनाथरी,सुर्खेत फोनः ९८५८०६७४४४ फ्याक्स नं. ०००-०००००००
E-mail :ito.barahatalmun@gmail.com,
Website:www.barahatalmun.gov.npfacebook page : बराहताल गाउँपालिका कुनाथरी, सुर्खेत

बराहताल गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

प.सं.०७८/०७९
च.नं.

## मन्तव्य

बराहताल गाउँपालिका स्वास्थ्य शाखा बराहताल सुर्खेतले आ.व. २०७७।०७८ मा संचालित स्वास्थ्य कार्यक्रम सँग सम्बन्धीत नियमित प्रतिवेदनहरू मासिक, त्रैमासीक र वार्षिक समिक्षा बैठकबाट प्राप्त सुचनाहरूलाइ एकीकृत गरि गाउँपालिकाबाट स्वास्थ्य सँग संचालन गरिएका कार्यक्रमहरूको विवरण यस पुस्तीका मार्फत प्रकासित गरिएकोमा खुशी व्यक्त गर्न चाहन्छु । यस प्रतिवेदनले गत ३ वर्ष सम्मको स्वास्थ्य सम्बन्धि अवस्थाको जानकारी, समस्याहरू र आगामी वर्षको लागि चालिने रणनितिहरू प्रस्टाएको छ। यो प्रतिवेदन स्वास्थ्य क्षेत्र तथा अनुसन्धानमा कार्यरत शिक्षक विधार्थिहरूलाइ उपयोगी हुने छ । स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरू योजना तर्जमा मुल्यकनमा ये पुस्तिका उपयेगी हुन्छ भन्ने मलाइ लागेको छ । अन्तमा पुस्तिका उपयोगीपुस्तिका उपयोगी हुन्छ भन्ने मलाई लागेको छ । अन्तमा यस पालिका भित्र निरन्तर रूपमा समयअनुकुल सलाह सुझाव निर्देशन दिनुहुने आदरणिय बराहताल गाँउपालिका का अध्यक्ष श्री तेज बहादुर बस्नेत, उपाध्यक्ष श्री शोभा कुमारी शर्मा, प्रमुख प्रशासनिक अधिकृत श्री टेक बहादुर वली, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरू र सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारी ज्यूहरु र सम्पूर्ण स्वास्थ्य संस्था प्रमुख, महिला स्वास्थ्य स्वयं सेविका ज्यूहरु लगाएत सम्पूर्ण स्वास्थ्यक कर्मि तथा सहयोगी स्वास्थ्यका लागि सक्षम प्रणालीका टिम, पत्रकार, नागरिक समाज र महत्वपूर्ण भूमिका खेल्ने सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

राजु बस्नेत
स्वास्थ्य शाखा प्रमुख

नतिजामुखी प्रशासनः समृद्धि र सुशासन

कुनाथरी,सुर्खेत फोनः ९८५८०६७४४४ फ्याक्स नं. ०००-००००००० 
E-mail :ito.barahatalmun@gmail.com,

# <u>प्रतिवेदन प्रकाशनमा संलग्न कर्मचारीहरू</u>

**<u>संरक्षक</u>**
टेक बहादुर वली
प्रमुख प्रशासकिय अधिकृत
बाराहताल गाउँपालिका

**<u>सल्लाहकार</u>**
तिलक बहादुर मर्साङ्गी मगर
सामाजिक बिकास समितिका संयोजक

**<u>प्रधान सम्पादक</u>**
राजु बस्नेत
स्वास्थ्य शाखा प्रमुख
बराहताल गाउँपालिका

**<u>सम्पादन मण्डल</u>**
दान बहादुर साउद
हेमन्त पुरी
नारायण भट्टराई
मेघराज खड्का

**<u>प्राविधिक सहयोग</u>**
सुबास गिरी,
स्वास्थ्य प्रणाली अधिकृत
स्वास्थ्यका लागि सक्षम प्रणाली

# Health Office-Barahatal
## Key Indicator Fact Sheet
**(FY: 2075/076 to 2077/078)**

| Programme Indicators (Percentage) | Barahatal Rural Municipality | | | |
|---|---|---|---|---|
| | FY 2075/076 | FY 2076/077 | FY 2077078 | |
| **Reporting Status** | | | | |
| Health Post | 5 | 5 | 5 | |
| EPI Clinics | 26 | 26 | 24 | |
| PHC/ORC | 11 | 11 | 11 | |
| FCHV | 87 | 87 | 87 | |
| **Immunization Program** | | | | |
| BCG Coverage | 60.8 | 53.3 | 61.4 | ↑ |
| DPT-HepB-Hib 3 Coverage | 69.7 | 67.2 | 80.5 | ↑ |
| Measles/Rubella 2 Coverage | 55 | 59.9 | 76.3 | ↑ |
| TD 2&2+ Coverage | 54.6 | 54.1 | 60.5 | ↑ |
| Full Immunization | 58.7 | 56.4 | 78.5 | ↑ |
| Drop-out rate DPT-HepB-Hib 1 Vs. 3 | 10.9 | 6.2 | 3.3 | ↓ |
| Drop-out rate DPT-HepB-Hib 1 Vs. MR 2 | 12.2 | 11 | -1.6 | ↓ |
| **Nutrition Program** | | | | |
| Newborns with low birth weight (<2.5kg) | 0.81 | 4.3 | 4.9 | ↑ |
| Children aged 0-23 mths. registered for GM | 4.4 | 5.7 | 3.4 | ↓ |
| Average # of visits among children aged 0-23 mths. registered for GM | | | | |
| Children aged 0-23 mths. registered for GM who were Underweight | | | | |
| Pregnant women who received 180 day supply of IFA | 56.7 | 54.6 | 53.5 | ↓ |
| PP women who received Vit.A supplementation | 257 | 284 | 255 | ↓ |
| **IMNCI Program** | | | | |
| PSBI cases received complete dose of Gentamicin | 73.3 | 62.5 | 91.7 | ↑ |
| Incidence of Pneumonia among children U5 years (per 1000) | 88.4 | 62.9 | 28.3 | ↓ |
| Pneumonia cases treated with antibiotics | 74.4 | 75.7 | 100 | ↑ |
| Diarrhoea incidence rate among children U5 years (per 1000) | 537.2 | 431 | 513.2 | ↓ |
| Diarrhoea cases treated with Zinc & ORS | 98.7 | 98.5 | 99.2 | → |
| **Safe-Motherhood Program** | | | | |
| Pregnant women who had at least one ANC checkup | 78 | 77 | 74.3 | ↓ |
| Pregnant women who had 4 ANC checkups as per protocol | 66.5 | 70.4 | 66.5 | ↓ |
| Institutional deliveries | 38 | 34.7 | 36.2 | ↑ |
| Births attended by a Skilled Birth Attendant (SBA) | 24.2 | 11.9 | 24.1 | ↑ |
| Women who had 3 PNC checkups as per protocol | 24.1 | 15.3 | 8.8 | ↓ |
| Women receiving ANC incentives | 100 | 100 | 100 | → |

| | | | | |
|---|---|---|---|---|
| Women receiving Maternity incentives | 100 | 100 | 100 | → |
| Total Maternal deaths | 5 | 7 | 1 | ↓ |
| Total Neonatal deaths | 2 | 0 | 0 | ↓ |
| **Family Planning Program** | | | | |
| Contraceptive Prevalence Rate (CPR) | **33.8** | **25.4** | **22.3** | → |
| **Disease Control Program** | | | | |
| TB - Case notification rate (All form of TB) | 22.2 | 69.5 | 71.3 | ↑ |
| TB - Treatment success rate | 100 | 100 | 100 | → |
| Incidence of Leprosy per 10,000 population | 0 | 0 | 0 | → |
| Pregnant women who tested for HIV at ANC checkup | 278 | 101 | 158 | ↓ |
| **Curative Services** | | | | |
| OPD NEW visit among total population | 88.9 | 95.6 | 75.3 | ↓ |

## २०७८

## विषयसुची


खण्ड १ परिचय ........ 8

खण्ड २: कार्यक्रम प्रगति ........ 13

२.१ परिवार कल्याण ........ 13

२.२ महामारी तथा रोग नियन्त्रण ........ 24

२.३ क्षयरोग ........ 26

२.४ एच.आई.भि.एड्स तथा यौनरोग ........ 27

२.५ आँखा तथा दन्त स्वास्थ्य सेवाः ........ 28

२.६ सडक दुर्घटना ........ 29

२.७ कोभिड–१९ ........ 30

२.८ नसर्ने रोग तथा मानसिक स्वास्थ्य ........ 31

२.९ महामारी तथा रोग प्रकोपः ........ 33

२.१० उपचरात्मक सेवा ........ 34

२.११ आयुर्वेद तथा बैकल्पिक चिकित्सा ........ 36

खण्ड ३: अन्य कार्यक्रम ........ 38

३.१ सामाजिक सुरक्षा कार्यक्रम ........ 38

३.२ मानव स्रोत व्यवस्थापन ........ 40

३.३ भौतिक संरचना तथा अन्य पुर्वाधार ........ 41

३.४ आर्थिक व्यवस्थापन ........ 42

३.५ स्वास्थ्य क्षेत्रको सार्वजनिक सुनुवाई ........ 43

३.६ सामाजिक परिक्षणः ........ 44

३.७ स्वास्थ्य सुचना व्यवस्थापन ........ 44

३.८ प्रयोगशाला सेवा व्यवस्थापन ........ 47

३.९ आपुर्ति व्यवस्थापन ........ 47

३.१० अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण ........ 49

# तालिका

तालिका 1 खोप कार्यक्रमको अवस्था....13
तालिका 2पोषण कार्यक्रमको अवस्था....15
तालिका 3 नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन सेवाको अवस्था....16
तालिका 4 परिवार योजना सेवाको अवस्था....18
तालिका 5 सुरक्षित मातृत्व सेवाको अवस्था....19
तालिका 6 महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको अवस्था....21
तालिका 7 गाउँघर क्लिनिकबाट प्रदान गर्रको सेवाको विवरण....22
तालिका 8 किशोरकिशोरी स्वास्थ्य सेवाको अवस्था....23
तालिका 9 औलोरोगको बर्तमान अबस्था....24
तालिका 10 कुष्ठरोगको अबस्था....25
तालिका 11क्षयरोगको बर्तमान अबस्था....26
तालिका 12एच.आई.भि एड्स तथा यौनरोगको अबस्था....28
तालिका 13आँखा सम्बन्धी मुख्य रोगहरूको अवस्था....28
तालिका 14 दन्त सेवाको अवस्था....29
तालिका 15 सडक दुर्घटनाको अवस्था....29
तालिका 16 कोभिड—१९ रोगको अवस्था....31
तालिका 17 नसर्ने रोगको अवस्था....31
तालिका 18 मानसिक स्वास्थ्य सेवाको अवस्थाः....32
तालिका 19 महामारी तथा रोग प्रकोपको विवरण....33
तालिका 20 बहिरंग सेवा सम्बन्धी सुचांकको अवस्था....35
तालिका 21 प्रमुख १० रोगहरू....35
तालिका 22 आयुर्वेद सेवा केन्द्रहरूको विवरण....36
तालिका 23 आयुर्वेद सेवा केन्द्रको मानव श्रोतको अवस्था....37
तालिका 24 गत ३ वर्षको सेवाग्राहीको विवरण....37
तालिका 25 आ.ब. २०७७/७८ मा विभिन्न रोगको लागि उपचार सहुलियत प्रदान गरिएको विवरण....39
तालिका26 लैंगिक समानता तथा सामाजिक समावेशीकरण सेवा विवरण....40
तालिका 27 स्थानिय तह अन्तरगतका स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूको स्थिति....40
तालिका 28 तालिम सम्बन्धी विवरण....41
तालिका 29 स्थानिय तह अन्तरगतका स्वास्थ्य संस्थाको भौतिक संरचना तथा अन्य पुर्वाधार....41
तालिका 30 आर्थिक व्यवस्थापनको लागि मानव स्रोतको अवस्था....42
तालिका 31 सुत्रको प्रयोगको अवस्था....42
तालिका 32 आर्थिक व्यवस्थापनको अवस्था....43
तालिका 33 सार्वजनिक सुनुवाईको अवस्था....43
तालिका 34 सामाजिक परिक्षणको अवस्था....44
तालिका 35 स्वास्थ्य व्यवस्थापन सुचना व्यवस्थापनको अवस्था....45
तालिका 36 आपूर्ति व्यवस्थापन सुचना व्यवस्थापनको अवस्था....45
तालिका 37 मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकृयाको अवस्था....46
तालिका 38 प्रयोगशाला सेवाको अवस्था....47
तालिका 39 आपुर्ति व्यवस्थापनको अवस्था....48
तालिका 40 अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षणको अवस्था....49
तालिका 41 साझेदार संस्थाहरूको विवरण....50

# खण्ड १ परिचय

## १.१ गाँउपालिकाको परिचय

- भौगोलिक अवस्था



सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्ये बराहताल गाउँपालिका साविकको निर्वाचन क्षेत्र नं ३ अन्त्रतगत पर्दछ । सुर्खेत जिल्लाको पश्चिममा अवस्थित बराहताल गाउँपालिको क्षेत्रफल ४५५.०९ वर्ग कि.मी. र वीरेन्द्रनगर नगरपालिका देखि ९ कोषको दुरीमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा वीरेन्द्रनगर, दक्षिणमा भेरी नदी तथा कैलालीको जिल्लाको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग,पश्चिममापञ्चपुरी नगरपालिकाको भाग रहेको छ । समुद्री सतहको ६०० मिटर देखि १२०० मिटर सम्मको उचाइमा अवस्थित यस बराहताल गाउँपालिकाको केन्द्र विन्दु वा सदरमुकाम वा व्यापारिक क्षेत्रका रूपमा बड्डीचौर बजार रहेको छ । यो गाउँपालिका सुर्खेत उपत्यकाको विस्तारित क्षेत्रको रूपमा रहेको छ र धेरैजसो जंगल क्षेत्र रहेको गाउँपालिकाको मोहडा दक्षिणतिर ढल्केर रहेकोछ । यो गाउँपालिका जिल्लाको पश्चिमको केन्द्र हो भने पश्चिम नाकाबाट वीरेन्द्रनगर तथा सुर्खेत उपत्यकाकोप्रवेशद्वार पनि हो । यो गाउँपालिका प्राकृतिक स्रोत साधनको हिसाबले धनी र नमुनायोग्य मानिन्छ ।

| अवस्थित | |
|---|---|
| क्षेत्रफल | ४५५.९ |
| देशान्तर | २८°४२'४६.८१" |
| आक्षांश | ८१°३०'१९.९" |
| तापक्रम | |
| अधिकतम | ३७.५ |
| न्युनतम | ५.९ |
| औषत वर्षा | १०० ML |
| सिमाना | पूर्वमा वीरेन्द्रनगर, दक्षिणमा भेरी नदी तथा कैलालीको जिल्लाको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग,पश्चिममा पञ्चपुरी नगरपालिका |
| जम्मा वडाको संख्या | १० |
| सदरमुकाम | बड्डीचौर |
| नदि | भेरी नदि, कर्णालि नदि |
| जम्मा घरधुरीको संख्या | ५४४८ |
| जम्मा जनसंख्या | |
| महिला | १३८१६ |
| पुरुष | १२९८६ |
| मुख्य धर्म | हिन्दु |

- **गाँउपालिकाको जनसांखिक विवरण**

गाउँपालिकाको उमेर, लिङ्ग र वडा अनुसार जनसंख्या वितरण

उमेर र लिंगको आधारमा जनसंख्या विबरण




जातिगत आधारमा जनसंख्या विबरण




वार्ड अनुसार जनसंख्या विबरण



### १.१ प्रतिवेदन तयार पार्नुको उद्देश्य

यस् प्रतिवेदन तयार पार्नुको मुख्य उदेश्य यस बाराहताल गाँउपालिकाको स्वास्थ्यको वस्तुस्थिति सबैलाई जानकारी गराउनु हो। साथै

- गाँउपालिकाको बर्तमान स्वास्थ्य अवस्था बारे जानकारी गराउने।
- गाँउपालिकाको स्वास्थ्यका विभिन्न कार्यक्रम अन्तर्गतका मुख्य सुचकहरुबारेमा जानकारी गराउने हो।
- गाँउपालिकामा यस् आ.व. मा संचालन गरेका स्वास्थ्यका विभिन्न कार्यक्रमहरु बारेमा जानकारी गराउने।
- गाँउपालिकाका स्वास्थ्यका विभिन्न समस्या तथा स्वास्थ्य क्षेत्रमा आईपरेका समस्याहरु र समाधान गर्न चालेका विभिन्न पहलहरु बारे अवगत गराउने।
- गाँउपालिका स्वास्थ्यका कार्यक्रमहरु आगामी वर्षहरुमा संचालन गर्नका लागि मार्गनिर्देश गर्ने।
- गाँउपालिकाको भावी स्वास्थ्यसंग सम्बन्धित योजना तथा कार्यक्रम साथै निति निर्माणको कामलाई आधार प्रदान गर्ने।

### १.२ प्रतिवेदनको महत्व

यस प्रतिवेदनको महत्व यस प्रकार रहेका छन् :

- यस् बराहताल गाँउपालिकाको स्वास्थ्य कार्यक्रमहरुको वर्तमान अवस्थाहरु बारेमा सबैलाई तथ्य पुरक जानकारी गराई भावी दिनहरुमा सर्व सुलभ रुपमा सेवा प्रदान गर्न।
- स्वास्थ्य क्षेत्रको विकासको लागि कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नको लागि पालिकाको लागि निर्देशिका (guideline) बनाउन र
- विभिन्न संघ संस्था एवं अनुसन्धानकर्ता योजनाकार स्वास्थ्यकर्मी र अन्य सरोकारवालाहरुको लागि पनि थप अध्ययन गर्नको लागि महत्वपुर्ण दस्तावेजको रूपमा प्रयोगमा ल्याउन ।

### १.३ पालिकाको स्वास्थ्यको वस्तु स्थिति

नेपाल सरकारले स्थानिय सरकार गठन गरे पश्चात नेपालको संबिधान २०७२ द्वारा निर्दिष्ट गरिएको नेपाली नागरीकहरुको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य तथा सरसफाईको अधिकारको सुनिश्चित गर्ने जिम्मेवार स्थानिय सरकारलाई सुम्पिएको छ। हरेक नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्यको सुनिश्चितताको लागि यस् पालिकामा स्वास्थ्य शाखाले नेतृत्व गर्ने गरी स्वास्थ्य संस्थाहरु, महिला स्वा. स्वयंसेविका, गाँउघर क्लिनिक तथा खोप क्लिनिकहरुबाट स्वास्थ्य सेवाहरु प्रदान गरीन्छ।

### १.४.१ स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरुको अवस्था

| विवरण | संख्या |
|---|---|
| **सरकारी संस्था** | |
| स्वास्थ्य चौकी | ५ |
| आधारभुत स्वास्थ्य केन्द्र | ५ |
| शहरी स्वास्थ्य केन्द्र | ० |
| सामुदायीक स्वास्थ्य ईकाइ | ४ |
| आयुर्वेदअस्पताल/केन्द्र | ० |
| खोप किल्निक | २४ |
| गाँउ घर किल्निक | ११ |
| महिला स्वास्थ्य स्वयं सेविका | ८७ |

| निजि गैर सरकारी संस्था | |
|---|---|
| अस्पताल तथा नर्सिङ्ग होम | ० |
| पोलिक्लिनिक | ० |
| औषधि पसल | ५ |

## १.४.२ वडा अनुसार स्वास्थ्य संस्थाको जानकारी

| वडा नं | स्वास्थ्य संस्थाको नाम | बर्थिङ्ग सेन्टर | महिला स्वा. स्वयं. सेविकाको संख्या | खोप केन्द्र | गाँउघर क्लिनिक |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा १, | छैन | ७ | ३ | १ |
| २ | स्वास्थ्य चौकी हरिहरपुर | छ | ८ | २ | १ |
| २ | सामुदायिक स्वास्थ्य इकाई पग्मा | छैन | ० | ० | ० |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा ३, | छैन | १० | २ | १ |
| ४ | स्वास्थ्य चौकी तरङ्ग | छ | ८ | ३ | २ |
| ५ | स्वास्थ्य चौकी कुनाथारी | छ | ११ | १ | ० |
| ५ | सामुदायिक स्वास्थ्य इकाई चेपांग | छ | ० | १ | ० |
| ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा ६ , बिउरेनी | छैन | ७ | २ | १ |
| ७ | स्वास्थ्य चौकी पोखरिकाडा | छ | ८ | ४ | २ |
| ७ | सामुदायिक स्वास्थ्य इकाई नयाबन | छैन | ० | ० | ० |
| ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा ८ , | छैन | १० | २ | १ |
| ९ | स्वास्थ्य चौकी लेखगाउँ | छ | ९ | १ | ० |
| ९ | सामुदायिक स्वास्थ्य इकाई थारी | छैन | ० | १ | ० |
| १० | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा १० | छैन | ९ | २ | २ |
| | जम्मा | | ८७ | २४ | ११ |

## १.४.३ स्वास्थ्य सेवाको लागि मानव संसाधनको अवस्था

| पद | कार्यरत | | |
|---|---|---|---|
| | स्थायी | करार (सरकारी) | करार (स्थानिय श्रोत) |
| मेडिकल अधिकृत | ० | ० | ० |
| हे .ई (छैठौं) | ६ | ० | ० |
| हे .ई (पाँचौं) | ७ | ० | ० |
| हे .ई (चौथो) | ३ | ० | ७ |
| नर्सिङ्ग (छैठौं) | ० | ० | ० |
| नर्सिङ्ग (पाँचौ) | ३ | ० | ० |
| नर्सिङ्ग (चौथो) | ५ | ० | १४ |
| ल्या. टे/ल्या.अ | ० | ० | ५ |

| | | | |
|---|---|---|---|
| आयुर्वेद/कविराज | ० | ० | ० |
| का.स. | ३ | ० | १६ |
| **जम्मा** | **२७** | **०** | **४२** |

## १.५ शुशासन

सुशासन शासकीय व्यवस्थापनको त्यो पराकाष्ठा हो, जहाँ नागरिकहरू सुरक्षित महसुस गर्छन्, न्यायको अनुभूति गर्छन अधिकार सम्पन्न हुन्छन्। सार्वजनिक सेवा सहज एवं सरल रूपमा नागरिक हकका रूपमा प्राप्त पनि गर्न सक्छन्। जनता प्रति उत्तरदायी भई निर्वाध रुपमा सेवा प्रवाह गर्न र नागरिक अधिकारको सम्मान गर्नको लागि शुसानको महत्व सबै क्षेत्रमा हुन्छ। असल शासनको आधारभुत मान्यतालाइ आत्मसात गर्दै पारदर्शी, सहभागितमूलक, जवाफदाही हुँदै छिटो, छरीतो तथा कम खर्चिलो ढंगबाट सर्वसाधारणमा सेवा प्रवाह गर्न र सेवाग्राहीले सर्व सुलभ रुपमा सेवा पाए वा नपाएको सुनिश्चित गर्नु स्थानिय तहको जिम्मेवारी हुन्छ। स्थानिय तहले संघ र प्रदेशका निति, नियम र नियमावली आधारमा स्थानिय स्तरमा सुहाउदो निति, नियम र नियमावली बनाएर सेवाको प्रवाह गर्नुपर्ने हुन्छ।

### पालिकाको निति नियम तथा नियमावलीको अवस्था

| सुचांक | अवस्था (छ/छैन) |
|---|---|
| पालिकाको स्वाथ्य निति | नबनेको |
| पालिकाको स्वास्थ्य तथा सरसफाई ऐन | नबनेको |
| पालिकाको स्वास्थ्य सम्बन्धि पन्च वा दश बर्षिय योजना | नबनेको |
| पालिकाको स्वास्थ्य सम्बन्धि बार्षिक योजना | बनेको |
| पालिकाको मानव संरचना (Organogram) | बनेको |
| पालिकाको अनुगमन मुल्यांकन तथा सुपरिवेक्षण नियमावली | नबनेको |
| पालिकाको निजि स्वास्थ्य संस्था संचालन तथा व्यस्थापन निर्देशिका | नबनेको |

### पालिका र स्वास्थ्य संस्था स्तरको समितिहरुको अवस्था

| सुचांक | अवस्था |
|---|---|
| पालिका स्तरिय स्वाथ्य समिति | बनेको |
| पालिका स्तरियगुणस्तर सुधार समिति | बनेको |
| पालिका स्तरिय खरिद समिति | बनेको |
| स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | बनेको |

# खण्ड २: कार्यक्रम प्रगति

## २.१ परिवार कल्याण

### २.१.१खोप कार्यक्रम

नेपाल सरकारको सबैभन्दा बढि प्राथमिकतामा र सफल रहेको कार्यक्रम हो-राष्ट्रिय खोप कार्यक्रम । खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याउने गर्दछ। शिशु र बाल्य अवस्थामा बालबालिकाहरुलाई उमेर अनुसारका सबै खोपहरु सही समय र मात्रामा दिनु पर्दछ । खोप कार्यक्रम एक प्रतिकारात्मक सेवा भएकोले यस कार्यक्रमको उपलब्धि जिवनको उत्तरार्धमा पनि प्राप्त गर्न सकिने हुनेभएकोले यस कार्यक्रमबाट तत्काल उपलब्धिको अपेक्षा गरिदैन। हाल नेपालमा १२ रोग बिरुध ८ प्रकारका खोपहरु उपलब्ध छन् जस्तै बि.सि.जि, डि.पि.टि-हेब-हिब, पोलियो, पि.सि.भि, एफ.आई. पि.भि, दादुरा/रुबेला, जे.ई. र रोटा ।

**खोप कार्यक्रम अन्तर्गत सन्चालन गरिएका मुख्य क्रियाकलापहरू**

- नियमित खोप सेवा संचालन ।
- पूर्ण खोप घोषणा तथा दिगोपना कार्यक्रम ।
- स्वास्थ्यकर्मिहरूको लागि खोप सम्बन्धि तालिम ।
- खोप सम्बन्धि सुक्ष्म योजना तर्जुमा ।
- खोप महिना संचालन ।
- राष्ट्रिय खोप अभियान संचालन ।
- प्रभावकारी कोल्डचेन व्यवस्थापन ।

**खोप कार्यक्रमका मुख्य सुचकहरूको अवस्था**

यस गाउँपालिकाको पहिलो प्राथमिकतामा रहेको खोप कार्यक्रमको प्रगति विवरण तल तालिकामा दिईएको छ ।

*तालिका 1 खोप कार्यक्रमको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| **खोप कभरेज** | | | |
| पुर्णखोप पालिका घोषणा | भएको | भएको | भएको |
| बि.सि.जी कभरेज | ६०.८ | ५३.३ | ६१.४ |
| डि.पी.टी-हेब-हिब १ कभरेज | ७८.२ | ७१.६ | ८३.२ |
| पोलियो १ कभरेज | ७८.२ | ७१.६ | ७९.४ |
| पोलियो ३ कभरेज | ६९.७ | ६७.५ | ७५.३ |
| डि.पी.टी-हेब-हिब ३ कभरेज | ६९.७ | ६७.२ | ८०.५ |
| पि.सि.भी ३ कभरेज | ६६.२ | ७०.१ | ७५.८ |
| एफ.आइ.पि.भी. १ कभरेज | ६१.३ | ७१.१ | ८२.७ |
| एफ.आइ.पि.भी. २ कभरेज | ५१.८ | ६६.६ | ८०.६ |
| दादुरा-रूबेला १ कभरेज | ६६ | ७०.४ | ७७.९ |
| जे.इ. कभरेज | ६०.९ | ६७.७ | ७०.६ |
| दादुरा-रूबेला २ कभरेज | ५५ | ५९.९ | ७६.३ |
| टि.डी २ र २+कभरेज | ५४.६ | ५४.१ | ६०.५ |
| पुर्णखोप कभरेज | ५८.७ | ५६.४ | ७८.५ |

| ड्रपआउट दर | | | |
|---|---|---|---|
| बि.सि.जी र दादुरा-रूबेला १ ड्रपआउट दर | -८.५ | -३१.९ | -२६.३ |
| डि.पी.टी-हेब-हिब १ र ३ ड्रपआउट दर | १०.९ | ६.२ | ३.३ |
| दादुरा-रूबेला १ र २ ड्रपआउट दर | १२.२ | ११ | -१.६ |
| **खोप खेरजाने दर** | | | |
| बि.सि.जी | ८६.५ | ८७.६ | ८६.७ |
| डि.पी.टी-हेब-हिब | ३१.८ | २९.६ | ३१.१ |
| जे.इ. | ६०.३ | ५५.४ | ५५.९ |
| पोलियो | ३२.१ | २९.२ | ३०.१ |
| पि.सि.भि | २०.६ | १३.९ | १४.७ |
| एफ.आइ.पि.भि. | ४०.३ | ३५.१ | ३३.५ |
| टि.डी | ४६.२ | ४३.१ | ५०.१ |

माथि दिएको खोपको तथ्याङ्कलाई हेर्दा गत वर्षको तुलनामा सबै खोपको कभरेज बढेको देखिन्छ । साथै खोप खेर जाने दर केहि मात्रामा बढेको पाईन्छ ।

### मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| खोप खेरजाने दर बढी | Multidose Vial Policy (MDVP) लागु गर्ने | स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख |
| ड्रप आउट बढि | खोपको बारेमा आमाहरु लाई परामर्श | स्वास्थ्य संस्था प्रमुख |
| तथ्याङ्कको गुणस्तर कायम गर्नु | अनसाईट कोचिङ्ग तथा अनुगमन | पालिका तथा स्वा.से.का. |
| गुणस्तरीय सेवा प्रवाह | स्वास्थ्यकर्मिको क्षमता अभिवृध्दि | पालिका, स्वा.से.का., प्रदेश तथा केन्द्र सरकार |

## २.१.२ पोषण कार्यक्रम

पोषण सेवा राष्ट्र निर्माणको एक बलियो आधार हो । मानिसको शारिरीक तथा मानसिक विकाश उसको बाल्यकाल मुख्य गरि गर्भाबस्था देखि २ बर्ष सम्मको पोषण अबस्थामा निर्भर हने गर्दछ । यस उमेर समुहमा ८०% भन्दा बढि मस्तिस्कको बिकाश हुने गर्दछ । नेपाल सरकारद्वारा पोषण कार्यक्रमहरु मुख्य गरि गर्भावस्था र २ बर्ष मुनिका बालबालिकाहरु केन्द्रित कार्यक्रमहरु सन्चालित भएका छन जसलाई सुनौला हजार दिन कार्यक्रम पनि भनिन्छ ।

यस गाउँपालिकामा पोषण सुधारका लागि स्थानिय तह स्तरिय बहुक्षेत्रिय पोषण सुधार समिति गठन गरि बिभिन्न कार्यक्रमहरु सन्चालन गरिएको छ । यस गाउँपालिकामा शिघ्र कुपोषणको ब्यबस्थापनका लागि १ वटा बहिरंग उपचार केन्द्र समेत सन्चालन गरिएको छ ।

### पोषणकार्यक्रम अन्तरगत सन्चालन गरिएका मुख्य क्रियाकलापहरू :

- नियमित वृध्दि अनुगमन तथा परामर्श ।
- शिशु तथा बाल्यकालीन पोषण ।
- भिटामिन ए तथा अल्बेन्डाजोल वितरण ।
- बहुक्षेत्रिय पोषण योजना ।
- आमा तथा बाल स्वास्थ्य र पोषण ।

- विद्धालय स्वास्थ्य तथा पोषण ।
- पोषण सम्बन्धि विभिन्न दिवसहरू

## पोषण कार्यक्रमको अवस्था

यस गाउँपालिकाको हालको पोषण अबस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 2पोषण कार्यक्रमको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| नयाँ तौल लिईएका ०–११ महिना सम्मका बच्चाहरुको प्रतिशत | १.२ | ०.९ | १.५ |
| नयाँ तौल लिईएका ०–२३ महिना सम्मका बच्चाहरुको प्रतिशत | ४.४ | ५.७ | ३.४ |
| नयाँ तौल लिईएका बच्चाहरुको अनुपातमा कुपोषित बच्चाहरुको अनुपात ०–२३ महिना | २ | २.४ | २ |
| कडा कुपोषित बालबालिकाहरुको संख्या | ८ | ० | २ |
| मध्यम कुपोषित बालबालिकाहरुको प्रतिशत | २ | २.४ | २ |
| कम तौलको जन्म | ०.८१ | ४.३ | ४.९ |
| पूर्ण स्तनपान गराएको प्रतिशत | ३१.१ | ४६.५ | ६०.३ |
| १८० आईरन चक्की खाएका गर्भवति महिलाको प्रतिशत | ५६.७ | ५०.६ | ५३.५ |
| जुँकाको औषधि खाएका गर्भवति महिलाहरुको संख्या | ४९४ | ५१९ | ४९६ |
| भिटामिन ए खाएका सुत्केरी आमाहरुको संख्या | २५७ | २८४ | २५५ |
| ४५ आईरन चक्की खाएका सुत्केरी आमाहरुको संख्या | २७६ | २८१ | २५९ |
| आम भिटामिन ए बितरण (६ देखि ५९ महिनाका बालबालिकाहरु) | ४७६२ | ३८११ | ३५०९ |
| आम जुकाको औषधिबितरण कार्यक्रममा ६ देखि ५९ महिनाका बालबालिकाहरुले जुँकाको औषधि खाएको संख्या | ४३२० | ३३८७ | ३०७४ |

माथि पोषणको तथ्याङ्कलाई हेर्दा गत वर्षको तुलनामा नयाँ तौल लिईएका ०–२३ महिना सम्मका बच्चाहरुको प्रतिशत घटेको, कडा कुपोषित बालबालिकाहरुको संख्या बढेको, आम भिटामिन ए बितरणको संख्या घटेको देखिन्छ । साथै पोषणको अरू सुचकहरू उल्लेख्य रूपमा बढे– घटेको पाईन्छ।

## मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| वृद्दि अनुगमन कम | हरेक महिना PHC-ORC तथा स्वास्थ्य संस्थाबाट वृद्दी अनुगमन गर्ने र प्रत्येक महिनाको १ दिन वृद्दी अनुगमन डे को रुपमा मनाउने । | स्वस्थ्य संस्था प्रमुख र अन्य कर्मचारी |
| औषत भेट २ वर्ष मुनि कम | बच्चा लाई 0-23 महिना सम्म हरेक महिना तौल अनुगमन गर्नको लागी आमा समुहको बैठकमा स्वास्थ्यकर्मि सहभागी गर्नुका साथै FCHV लाई सक्रिय बनाउने । | स्वास्थ्य संस्था प्रमुख,खोप तथा गाउँघर क्लिनिकमा सहभागी कर्मचारी |

### २.१.३ समुदायमा आधारित नबजात तथा बालरोगको एकिकृत ब्यबस्थापन

नेपालमा झाडापखाला नियन्त्रण कार्यक्रम (सन् १९८२) र सिघ्र स्वासप्रश्वास संक्रमण नियन्त्रण कार्यक्रम (सन् १९८७) बाल स्वास्थ्यका लागि सन्चालन गरिएका कार्यक्रम हुन्। तत् पश्चात ५ बर्ष मुनिका बालबलिकाको मृत्युदरलाई कम गर्न IMNCI कार्यक्रम, समुदायमा आधारित बालरोगको एकिकृत ब्यबस्थापन, समुदायमा आधारित नबजात शिशु स्याहार कार्यक्रम हुदै हाल समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम सन २०१४ देखि सन्चालन गरिएको छ । यस कार्यक्रमको मुख्य उदेश्य नबजात शिशु तथा बाल मृत्युदरको मुख्य कारक तत्वको रुपमा रहेका समस्याहरु जस्तै निमोनिया, झाडापखाला, दादुरा, मलेरिया तथा कुपोषणको ब्यबस्थापन गरि नबजात शिशु तथा बाल मृत्युदर कम गर्ने हो । कार्यक्रम अन्तर्गत सन्चालन गरिएका मुख्य क्रियाकलाप र उपलब्धिहरु :

गाउँपालिकाको हालको समुदायमा आधारित नबजात शिशु तथा बालरोग एकिकृत ब्यबस्थापनको बिबरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

### नबजात शिशु तथा बालरोगको एकिकृत बिबरण

समुदायमा आधारित नबजात शिशु तथा बालरोग एकिकृत ब्यबस्थापनको बिबरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 3 नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन सेवाको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| नाभि मलम कभरेज (स्वास्थ्य संस्था र घरमा प्रसुति) | ८७.१ | ९५.२ | ९२.९ |
| व्याक्टेरियाको संभावित गम्भिर संक्रमण भएका ० देखि २ महिनाका शिशुको प्रतिशत | २० | १५.४ | २१.८ |
| व्याक्टेरियाको संभावित गम्भिर संक्रमण भएका मध्ये जेन्टामाईसिनको पहिलो सुई पाएका शिशुहरुको प्रतिशत | ७३.३ | ६२.५ | ९१.७ |
| व्याक्टेरियाको संभावित गम्भिर संक्रमण भएका शिशुहरु मध्ये जेन्टामाईसिनको पूर्ण सुई पाएका शिशुहरुको प्रतिशत | ७३.३ | ७५ | ६६.७ |
| जम्मा नवजात शिशु मृत्यू संख्या | ० | ० | ० |
| ५ बर्षमुनिका वालवालिकाहरुमा स्वास प्रश्वासको नयाँ बिरामी दर प्रति हजार | ६६८.७ | ७८६.१ | ६३०.३ |
| ५ बर्षमुनिका वालवालिकाहरुमा निमोनियाका नयाँ बिरामी दर प्रति हजार | ८८.४ | ६२.९ | २८.३ |
| जम्मा स्वास प्रश्वासको बिरामी मध्ये कडा निमोनियाको दर प्रति हजार (५ बर्षमुनिका वालवालिकाहरुमा) | ० | ० | ० |
| निमोनियाबाट मृत्यु हुने ५ बर्षमुनिका वालवालिकाहरुको संख्या | ० | ० | ० |
| एन्टिबायोटिकबाट उपचार पाएका निमोनियाका वालवालिकाहरुका प्रतिशत | ७४.४ | ७५.७ | १०० |
| ५ बर्षमुनिका वालवालिकाहरुमा झाडा पखालाका नयाँ बिरामी दर प्रति हजार | ५३७.२ | ४३१ | ५१३.२ |
| जम्मा झाडापखालाका बिरामी मध्ये कडा जलबियोजनको दर (५ बर्षमुनिका वालवालिकाहरुमा) | ० | ० | ०.३१ |
| झाडापखालाका बिरामी मध्ये जिबनजल र जिंक चक्की द्वारा उपचार पाएकाको प्रतिशत | ९८.७ | ९८.५ | ९९.२ |
| झाडापखालाबाट मृत्यू हुने ५ बर्षमुनिका वालवालिकाहरुको संख्या | ० | ० | १ |
| ५ बर्ष मुनिका वालवालिकाहरुको जम्मा मृत्यु संख्या | ० | ० | १ |

माथि दिएको तथ्याङ्क अनुसार अघिल्लो वर्षको तुलनामा झाडापखाला तथा श्वासप्रश्वासका बिरामी दरमा कमि भएको देखिन्छ भने निमोनिया र झाडापखालाको उपचार ९८ प्रतिशत भन्दा बडी गरिएको देखिन्छ ।

### मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| गुणस्तरीय सेवा प्रवाह | स्वास्थ्यकर्मिको क्षमता अभिवृध्दि | पालिका, स्वा.से.का., प्रदेश तथा केन्द्र सरकार |
| तथ्याङ्कको गुणस्तर कायम गर्नु | अनसाईट कोचिङ्ग तथा अनुगमन | स्वा.शा.प्र |

## २.१.४ परिवार योजना कार्यक्रम

नेपाल सरकार द्वारा स्विकृत कार्यक्रम तथा गाउँपालिकाको बित्तिय समानिकरण तर्फका कार्यक्रमहरु मध्येको महत्वपुर्ण कार्यक्रम परिवार नियोजन कार्यक्रम हाल परिवार नियोजनका सेवाहरु सबै लक्षित बर्गमा समता मुलक तरिकाले पहुँच र उपभोगमा वृद्धी गर्नु हो । हाल परिवार नियोजन सेवाहरु गाउँपालिकाद्वारा सन्चालन गरिएका सबै गाउँघर क्लिनिक, वडा स्वास्थ्य केन्द्र स्वास्थ्य चौकीहरुमा उपलब्ध छन् । यस कार्यक्रम अन्र्तगत परिवार नियोजन सम्बन्धि परामर्श सेवा, उपचारात्मक सेवा, प्रेषण सेवा लगाएत परिवार नियोजनका साधनहरु जस्तै पिल्स, डिपो, कन्डम लगायतका साधनहरु बितरण सेवाहरु उपलब्ध छन् । परिवार नियोजनका साधनहरु जस्तै इम्पलान्ट र आई.यू.सि.डि गाउँपालिका अन्र्तगत रहेका स्वास्थ्य चौकिहरुमा उपलब्ध छन् ।

**कार्यक्रम अन्तरगत सन्चालन गरिएका मुख्य क्रियाकलापहरु**:

- स्याटलाईट क्लिनिक संचालन ।
- स्थायी बन्ध्याकरण शिविर संचालन ।
- प.नि. सम्बन्धि तालिम संचालन ।
- प.नि. साधनको आपुर्ति व्यवस्थापन

### परिवार योजना कार्यक्रमको अवस्था

गाउपालिको परिवार नियोजन सेवाको हालको अवस्था तल तालिकामा प्रश्तुत गरिएको छ ।

*तालिका 4 परिवार योजना सेवाको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| नयाँ प्रयोगकर्ता –कन्डम | २८५ | ३७४ | ३२६ |
| नयाँ प्रयोगकर्ता –पिल्स | २०४ | २९६ | १८४ |
| नयाँ प्रयोगकर्ता –डिपो | ४३९ | ४०१ | ५१५ |
| नयाँ प्रयोगकर्ता –इम्पलान्ट | ६७ | ११९ | १६६ |
| नयाँ प्रयोगकर्ता –आई.यू.सि.डि | १० | ० | १ |
| नयाँ प्रयोगकर्ता –स्थायी साधन | ६ | २२ | १७ |
| परिवार नियोजन साधनको नयाँ प्रयोगदर | १५.२ | १७.८ | १९.४ |
| परिवार नियोजनको जम्मा प्रयोग दर | ३३.८ | २५.४ | २२.३ |

माथि दिएको तथ्याङ्कमा सबै स्थायी तथा अस्थाई प.नि. साधनको प्रयोग दर केही मात्रमा घटेको देखिन्छ र परिवार नियोजनको  नयाँ प्रयोग दरमा बडेको देखिन्छ ।

### मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| केही स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन सेवामा कमि | प.नि. सेवा सम्बन्धि कार्यक्रम स्वास्थ्य अमा समुहहरूमा जानकारी गराउने | स्वस्थ्य संस्था प्रमुख र अन्य कर्मचारी |
| गुणस्तरीय सेवा प्रवाह | अनसाईट कोचिङ्ग तथा क्षमता अभिवृध्दि | पालिका तथा जन.स्वा.से.का. |

### २.१.५ सुरक्षित मातृत्व तथा नबजात शिशु स्वास्थ्य

यस कार्यक्रमको मुख्य उदेश्य गर्भावस्था र सुत्केरी अबस्थाका कारण महिलामा हुने बिरामीपना, अपाङ्गता र मृत्युदर कम गरि महिलाहरुको र नबजात शिशुहरुको स्वास्थ्यमा सुधार ल्याउनु हो । सामान्यतया नेपालमा मातृ मृत्यु मुख्य गरि सुत्केरी अबस्थामा हुने रक्तश्राब, सुत्केरीमा हुने बिशाक्तता, लामो सुत्केरी बेथा लाग्नु, सालनाल अड्किनु आदि हुन ।यस अबस्थामा मृत्यु मुख्य गरि स्वास्थ्य संस्थामा बिरामी लिनका लागि ढिलो निर्णय गर्नु, अस्पताल ढिला पुग्नु र अस्पताल पुगेर पनि समायमा उपचार नपाउनु आदि कारणले गर्दा हुने गर्दछ । यी यस्ता समास्याहरुको समयमा नै पहिचान गरि समयमा नै उपचार सेवा पुर्याउने वा परामर्श गरि समस्या सामाधान गर्न सकेमात्र मातृशिशुको स्वास्थ्यमा ठुलो उपलब्धि हासिल गर्न सकिन्छ ।

यस गाउँपालिका अर्न्तगत रहेका स्वास्थ्य चौकिमा पनि नेपाल सरकारद्वारा निर्धारित मापदण्ड बमोजिम २४ घण्टे प्रसुति सेवाका लागि बर्थिङ सेन्टर सन्चालन गरिएको छ । उक्त बर्थिङ्ग सेन्टरहरुबाट आधारभुत प्रसुति सेवाका साथै पुर्वप्रसुति सेवा र सुत्केरी पश्चातको सेवा प्रदान गरिदै आएको छ जसले गर्दा सामान्य गर्भावस्थाको जटिलताका कारण हुने मातृ मृत्युदरलाई कम गरेको छ ।

**कार्यक्रम अन्तरगत सन्चालन गरिएका मुख्य क्रियाकलापहरु :**

- गर्भवति तथा प्रसुति जाँच सेवा ।
- संस्थागत प्रसुति सेवा ।
- न्यानो झोला वितरण ।
- प्रसुति प्रोत्साहन तथा यातायात खर्च वितरण ।
- कर्णाली सुत्केरी पोषण ।
- SBA तालिम संचालन ।
- सेवा उपभोग बढाउन पालिकाद्वारा विभिन्न कार्यक्रम संचालन ।

**सुरक्षित मातृत्व कार्यक्रमको अबस्था**

गाउँपालिकाको हालको सुरक्षित मातृत्वको अबस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 5 सुरक्षित मातृत्व सेवाको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| शून्य होम डेलिभरी वडा संख्या | 0 | 0 | 1 |
| प्रसुति केन्द्रको संख्या | ५ | ५ | ६ |
| कुनैपनि समयमा पहिलो पटक गर्भवति जाँच सेवा लिएका गर्भवति महिलाहरुको प्रतिशत | ७८ | ७७ | ७४.३ |
| प्रोटोकल अनुसार पहिलो पटक गर्भवति जाँच सेवा लिएका गर्भवति महिलाहरुको प्रतिशत | ६६.५ | ७०.४ | ६६.५ |
| प्रोटोकल अनुसार ४ पटक गर्भवति जाँच सेवा लिएका गर्भवति महिलाहरुको प्रतिशत | ५९.४ | ५२.१ | ५५.६ |
| दक्ष प्रसुतिकर्मिबाट सुत्केरी सेवा पाएका महिलाहरुको प्रतिशत | २४.२ | ११.९ | २४.१ |
| जटिल प्रसुति सेवा पाएका सुत्केरी महिलाहरुको संख्या | ० | ० | १४ |
| जन्मदा निश्सासिएका नवजात शिशुहरुको संख्या | ० | ० | ० |
| जन्मदा कमतौल भएका नवजात शिशुहरुको संख्या | 2 | 10 | 12 |
| संस्थागत प्रसुति सेवाको प्रतिशत | ३८ | ३४.७ | ३६.२ |
| दक्ष प्रसुति प्रतिशत | २४.२ | ११.९ | २४.१ |
| मातृ मृत्यको समीक्षा गरिएको र कार्य योजनाको विकास भएको संख्या | ० | ० | ० |
| पेरिनेटल मृत्यको समीक्षा गरिएको र कार्य योजनाको विकास भएको संख्या | ० | ० | ० |
| प्रोटोकल अनुसार २४ घंटा भित्र प्रसुति पश्चातको सेवा लिएको प्रतिशत | ३८ | ३३.९ | ३५.१ |
| प्रोटोकल अनुसार ३ पटक प्रसुति पश्चातको सेवा लिएको प्रतिशत | २४.१ | १५.३ | ८.८ |
| जम्मा मातृमृत्यु संख्या | ५ | ७ | १ |
| जम्मा नबजात शिशुमृत्यु दर | २ | ० | ० |
| संस्थागत सुत्केरी भएका महिलाहरुले संस्थागत सुत्केरी भए बापत प्रोत्सहान रकम प्राप्त गरेको प्रतिशत | १०० | १०० | १०० |
| संस्थागत सुत्केरी भएका महिलाहरुले प्रोटोकोल अनुसार ४ पटक गर्भजाँच गरे बापत प्रोत्सहान रकम प्राप्त गरेको प्रतिशत | १०० | १०० | १०० |
| बर्थिङ सेन्टरमा सुत्केरी भए बापत न्यानो झोला पाएका नवजात शिशुको प्रतिशत | १०० | १०० | १०० |

माथि दिएको तथ्याङ्क अनुसार मातृमृत्यु संख्या ,नवशिशुको मृत्यु दरमा कमि भएको देखिन्छ ।

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| स्वास्थ्य संस्थामा हुने सुत्केरी संख्या बढेपनि घरमा हुने सुत्केरी संख्या कमि गर्ने | स्वास्थ्य संस्थाहरुले आमा समुह बैठकमा परामर्श गर्ने | स्वास्थ्य कार्यकर्ता र स्वास्थ्य संस्था प्रमुख |
| भौतिक पुर्वाधारको कमी | मापदण्ड अनुसारको पुर्वाधार निर्माण तथा व्यवस्था | स्थानिय सरकार |
| तालिम प्राप्त जनशक्तिको उपलब्धता | सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने | स्वास्थ्य शाखा, जन.स्वा.सेव |

## २.१.६ महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम

सबैका लागि स्वास्थ्य लक्ष्य पुरा गर्नका लागि तयार गरिएको प्राथमिक स्वास्थ्य सेवाका ४ वटा सिद्दान्त मध्ये एक हो सामुदायिक सहभागिता । समुदायमा बढि स्वास्थ्य समस्या हुने बर्ग र प्राथमिक स्वास्थ्य सेवाको सिद्घान्त लाई आधारमानि नेपालमा पहिलो पटक महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम बि.सं. २०४५ मा सुरु भएको थियो । सर्बप्रथम नेपालमा समुदायको स्वास्थ्य सुधारको परिकल्पना गरि सन्चालन भएको यो कार्यक्रम बिश्वमा नै एउटा नमुना कार्यक्रमको रुपमा रहेको छ । महिला स्वास्थ्य स्वयम सेबिकाहरु हाल स्वास्थ्यका आधारभुत स्तम्भ हुन जस्ले गर्दा नेपाल ले तय गरेको सुरक्षित मातृत्व सम्बन्धिको सहश्राब्धी बिकाश लक्ष्य पुरा गरेको थियो ।

गाउँपालिकामा हाल जनसंख्याको आधारमा ८७ जना महिला स्वास्थ्य स्वयम सेबिकाहरु रहेका छन । यस गाउपालिका भित्र रहेक महिला स्वास्थ्य स्वयम सेबिकाहरुले नेपाल सरकारद्वारा जारि गरिएको कार्यबिबरण अनुसार काम गर्ने गर्दछन । महिला स्वास्थ्य स्वयम सेबिकाहरुले नेपाल सरकार तथा गाउपालिका द्वारा सन्चालन गरेका स्वास्थ्य कार्यक्रमहरु मा सहयोग गर्नुका साथै कार्याक्रमहरु जस्तै भिटामिन ए तथा जुकाको औषधि बितरण, परिवार नियोजनका साधानहरुको बितरण, नवजात शिशु तथा वालरोगको पहिचान गरि परामर्श तथा प्रेषण सेवा, समुदायको स्वास्थ्य स्थीति पत्ता लगाई समयमा नै स्वास्थ्य शिक्षा प्रदान सेवा आदि सन्चालन गरि समुदायको स्वास्थ्य सुधारमा अतुलनिय योगदान पुर्याएका छन ।

**कार्यक्रम अन्तर्गत सन्चालन गरिएका मुख्य क्रियाकलापहरु**

- महिला स्वा. स्वयं सेविकाहरुको समिक्षा ।
- पोसाक तथा प्रोत्साहन रकम वितरण ।

## महिला स्वास्थ्य स्वयं सेबिका कार्यक्रमको अवस्था

गाउँपालिकामा महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको हालको बस्तुस्थिति तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 6 महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| आमा समुहको बैठक सन्चालन गरेको प्रतिशत | ९८ | ८३.४ | ९३.८ |
| जम्मा सेवा पुर्याएको संख्या | १३३९१ | ११८६६ | १३८०६ |
| प्रति स्वयम सेबिकाको सेवा ग्राहि अनुपात | १३.७ | ११.९ | १३.८ |
| जिबनजल बितरण गरेका संख्या | १०४७ | ८८४ | १००९ |
| जम्मा जिबनजल बितरण मध्ये मस्वासेले वितरण गरेको प्रतिशत | ६०.१७ | ५७.३५ | ६३.१३ |
| जम्मा पिल्स बितरण मध्ये मस्वासेले वितरण गरेको प्रतिशत | ४७.७४ | ५६.२९ | ६६.९३ |
| जम्मा कन्डम बितरण मध्ये मस्वासेले वितरण गरेको प्रतिशत | ४१.४० | ३५.५१ | ४१.७४ |
| मातृ मृत्युको जम्मा प्रतिबेदन संख्या | १ | ० | ० |
| नवजात मृत्युको जम्मा प्रतिबेदन संख्या | ३ | ७ | १ |
| घरमा प्रसुति भएको मध्ये जिवित जन्म भयका शिशुहरुको संख्या | ४७ | ७६ | ७६ |
| **महिला स्वास्थ्य स्वयं सेविका कोष** | | | |
| यस आब मा लगानि भयको रकम | | | ७८०७०० |
| यस आब को आन्तमा बांकि रहेको रकम | | | ३६९०८० |
| रकम प्रयोग गर्ने मस्वासेहरुको संख्या | | | ८७ |

माथि दिएको तथ्याङ्क अनुसार महिला स्वास्थ्य स्वयं सेविकाहरुद्वारा प्रदान गरिने सेवाको संख्या गत वर्षको तुलनामा बढेको देखिन्छ ।

## मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| तालिमको अभाव | तालिम तथा क्षमता अभिवृद्धि गर्नुपर्ने | स्वा.सं , पालिका, स्वा.से.का., |
| घट्दो मनोबल | प्रोत्साहनका कृयाकलापहरु संचालन | स्वा.सं, पालिका |

## २.१.७ गाउँघर क्लिनिक कार्यक्रम

नेपालका सबै भुगोलमा प्राय मानिसहरुको बसोबास भएकोले नेपालमा बसोबास गर्ने सबै मानिसहरुलाई स्वास्थ्य संस्था स्थायी रुपमा स्थापना गरि स्वास्थ्य सेवा प्रदान गर्न नसकिने भएको ले बि.सं. २०५१ मा नयाँ अबधारणाको रुपमा सुरुवात गरिएको कार्यक्रम हो गाउँघर क्लिनिक कार्यक्रम । नेपालमा रहेका सबै समुदायलाई स्वास्थ्यको पहुचमा ल्याउनका लागि स्थापना गरिएको उक्त कार्यक्रमबाट हाल बिभिन्न प्रकारका सेवाहरु प्रदान गरिन्छ जस्तै प्राथमिक उपचार सेवा, परिवार नियोजन सेवा, गर्भवति सेवा जाँच सेवा, सुत्केरी पश्चातको सेवा र बच्चाको वृद्धि अनुगमन आदि ।

गाउँपालिका भैगोलिक तवरले केही भाग समथर भए पनि डाँडाकाँडा भएको जमिन देखि बिकट पहाडि क्षेत्र सम्म फैलिएको छ । गाउँपालिकामा रहेका स्वास्थ्य चौकिहरु द्वारा गाउपालिकाको सबै भुगोलमा बसोबास गर्ने समुदायलाई आवश्यक आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न नसकिने भएकोले गाउँपालिकाको सबै वडाहरुमा वडा स्वास्थ्य केन्द्र स्वास्थ्य चौकीहरु रहेको छ । वडा स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी द्वारा समेट्न नसकिने क्षेत्रहरुमा गाउँपालिकाबाट हाल जम्मा २१ स्थानमा प्रत्येक महिना ६ गते देखि ९ गते सम्म गाउघर क्लिनिक सन्चालन गरिएको छ ।स्वास्थ्य सेवालाई समतामुलक बनाउन र स्वास्थ्य सेवाकोपहुँच पुर्याउनका लागि यस गाउँपालिकामा सन्चालन गरिएका गाउँघर क्लिनिकहरुको उपलब्धि तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 7 गाउँघर क्लिनिकबाट प्रदान गर्रको सेवाको विवरण*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| गाउँघर क्लिनिक सन्चालन प्रतिशत | ८९.२ | ६३.६ | ८१.८ |
| गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राहिको संख्या | ३४१७ | १७७४ | २५३५ |
| जम्मा सेवाग्राहि मध्ये गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राहिको प्रतिशत | १०.४० | ४.३६ | ७.१४ |
| गाउँघर क्लिनिकमा प्राथमिक उपचार सेवा पाएका सेवाग्राहिको संख्या | ८३४ | ५५१ | ७५७ |
| गाउँघर क्लिनिकमा पुर्ब प्रसुति सेवा पाएका सेवाग्राहिको संख्या | ४६० | १६७ | २२९ |
| गाउँघर क्लिनिकमा उत्तर प्रसुति सेवा पाएका सेवाग्राहिको संख्या | ११ | २ | १ |
| गाउँघर क्लिनिकमा डिपो सेवा पाएका सेवाग्राहिको संख्या | ३९० | १६६ | २८५ |
| गाउँघर क्लिनिकमा तौल लिईएका ५ बर्षमुनिका बालबालिकाको संख्या | १२३३ | ६४१ | १५१८ |

माथि दिएको तथ्याङ्कमा हेर्दा गाँउघर क्लिनिकबाट प्रदान गरिने सेवाका सबै सुचकहरु बढे को देखिन्छ ।

### मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| गुणस्तरीय सेवाको उपलब्धता | प्रदान गरिने सेवाको गुणस्तरतामा ध्यान दिनु | सम्बन्धित स्वास्थ्यकर्मिहरु |
| गाउँघर क्लिनिक नियमित सन्चालन नहुनु | नियमित सन्चालन गर्ने | स्वास्थ्य संस्था प्रमुख |

## २.१.८ किशोरकिशोरहरुको लागि यौन तथा प्रजनन् स्वास्थ्य

नेपालमा राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा बिकास रणनिति ई.सं. २००० मा नेपाल सरकारद्वारा जारि गरिएको थियो । उक्त रणनिति बमोजिम किशोरकिशोरीका लागि यौन तथा प्रजनन् स्वास्थ्यका लागि निर्देशिका जारी गरि नेपालका सबै स्वास्थ्य चौकि तह सम्म उक्त कार्यक्रम सन्चलन गर्ने लक्ष्य लिएको थियो । यस कार्यक्रम अनुसार सबै स्वास्थ्य चौकीहरु किशोरकिशोरी मैत्री बनाई स्वास्थ्य सेवालाई समता मुलक बनाउने लक्ष्य भयता पनि यस गाउँपालिका अर्न्तगत रहेका कुनैपनि स्वास्थ्य चौकिहरुमा उक्त कार्यक्रम सन्चालन हुनसकेको छैन । सुर्खेत जिल्लामा रहेका १३ बटा स्वास्थ्य संस्थाहरुमा मात्र यो कार्यक्रम लागु भएको छ भने अरु संस्थामा यस कार्यक्रमको पहुच पुग्न सकेको छैन ।

**कार्यक्रम अन्तरगत सन्चालन गरिएका मुख्य क्रियाकलापहरू :**

- कार्यक्रमको समिक्षा ।
- सेवा प्रदायकको क्षमता अभिवृद्धि

**किशोरकिशोरहरुको लागि यौन तथा प्रजनन् स्वास्थ्य अवस्थाः**

*तालिका 8 किशोरकिशोरी स्वास्थ्य सेवाको अवस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाको संख्या | ० | ० | ० |
| जम्मा गर्भजाँच मध्ये कुनैपनि समयमा पहिलो पटक गर्भवति जाँच सेवा लिएका २० बर्षमुनिका किशोरीहरुको संख्या | १६३ | १७४ | ४९ |
| प्रोटोकल अनुसार पहिलो पटक गर्भवति जाँच सेवा लिएका २० बर्षमुनिका किशोरीहरुको संख्या | १३३ | १५८ | ४५ |
| प्रोटोकल अनुसार ४ पटक गर्भवति जाँच सेवा लिएका २० बर्षमुनिका किशोरीहरुको संख्या | ११८ | १०७ | ३२ |
| जम्मा गर्भपतन मध्ये २० बर्षमुनिका किशोरीहरुको संख्या | ० | ० | ० |
| परिवार नियोजन साधनको जम्मा नयाँ प्रयोगकर्ता मध्ये २० बर्षमुनिका किशोरीहरुको संख्या | ७७ | ७४ | १७ |

माथि दिएको तथ्याङ्क हेर्दा गभवति २० बर्षमुनिका किशोरीहरुको संख्या उखल्लेखित कमि भएको पाईन्छ ।

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| गुणस्तरीय तथा प्रभावकारी सेवा संचालन | पुर्वाधारको व्यवस्थापन र दक्ष स्वास्थ्यकर्मिहरुको उपलब्धता | पालिका, स्वा.से.का. |

## २.२ महामारी तथा रोग नियन्त्रण

### २.२.१ किटजन्य तथा नेग्लेक्टेड ट्रोपिकल रोगहरु(Vector Born and Neglected tropical diseases)

### २.२.१.१ औलो

औलो रोग नेपालमा प्रमुख समस्याको रुपमा देखिए पश्चात सन् १९५८ मा औलो उन्मुलन कार्यक्रमको रुपमा पहिलो जनस्वास्थ्य कार्यक्रम सुरु गरिएको थियो । यस कार्यक्रमको मुख्य लक्ष्य औलो रोगलाई नेपालबाट उन्मुलन गर्नु रहेको थियो तर काम गर्दै जाँदा उन्मुलन गर्न धेरै समय लाग्ने महसुस भई सन् १९७८ देखि परिमार्जन गरि औलो नियन्त्रण कार्यक्रमको रुपमा सन्चालन भइरहेको छ । हाल आएर नेपाल सरकारद्वारा राष्ट्रिय औलो रणनितिक योजना (सन् २०१४—२०२५) जारी गरि सन् २०२५ सम्ममा नेपाललाई औलो रोग मुक्त घोषणा गर्ने मुख्य लक्ष्यका साथ यस संग सम्बन्धित विभिन्न प्रकारका कार्यक्रमहरु सन्चालन भइरहेका छन् ।

**औलो रोग उपचार, रोकथाम र नियन्त्रणका लागी सन्चालन गरिएका मुख्य कृयाकलापहरू**

- मलेरिया रोगका लागि अौषधि उपचार सेवा
- सबै गर्भवति महिलाहरूलाई सुपानेट झुल वितरण सेवा
- सम्भावित बिरामीको खोज तथा सर्भिलेन्स
- मलेरियाको सम्भावित बिरामीको तुरून्त EWARS प्रणालीद्वारा प्रतिवेदन
- अनुगमन तथा मुल्याङ्कन

**औलो रोगको वर्तमान अवस्थाको विश्लेषणः**

*तालिका 9औलोरोगको बर्तमान अबस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| जम्मा औलो रोगका बिरामिको संख्या | २ | 0 | 0 |
| औलोरोगको पहिचानका लागि जाँच गरिएका जम्मा बिरामी संख्या | ९५३ | २६५ | १२५ |
| रक्त नमुना स्लाइड परिक्षण प्रतिशत | २ | ० | ० |
| स्लाइड पोजेटिभ दर | २ | ० | ० |
| बार्षिक पारासाइट इन्सिडेन्ट दर | ०.०६४ | 0 | 0 |
| जम्मा मलेरिया मध्ये पि.एफ बिरामीको प्रतिशत | ० | ० | ० |
| स्थानिय मलेरिया बिरामी दर | ५० | ० | ० |
| आयातित मलेरिया बिरामी दर | ५० | ० | ० |
| जम्मा उपचार गरिएका मलेरिया बिरामी | २ | ० | ० |

माथि दिएको सुचकहरू हेर्दा गत वर्षको तुलनामा  यस वर्षमा औलोरोगको पहिचानका लागि जाँच नगरिएको देखिन्छ ।

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| तालिम प्राप्त जनशक्तिको उपलब्धता | प्रयोगशाला तथा पारामेडिक्सहरूलाई औलो रोगको तालिम संचालन | ल्याव को कर्मचारी |

### २.२.१.२ कुष्ठरोग

कुष्ठरोग परापूर्वकाल देखिनै जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा रहेको छ । यस रोगको विरुद्ध प्रभावशाली औषधिको भएतापनि बिरामीहरुले रोग लुकाउने र समयमै उपचारको लागि सम्पर्कमा नआउने कारणले गर्दा यो रोग एउटा सामाजिक चुनौ ैतीका रुपमा रही रहेकोछ । हाल यो रोग निवारणको स्थितिलाई निरन्तरता दिनका लागि सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा एम.डि.टी. उपचार सेवाको साथ साथै चेतनामूलक कार्यक्रम समेत संचालन गरिदै आएको छ ।

कुष्ठरोग राष्ट्रिय रणनीति २०७३–२०७७ मा निम्न प्रकारका लक्ष्यहरु परिदृष्य गरिएका छन्ः

- नेपालका सबै जिल्लाहरुमा कुष्ठरोगको प्रकोप  दर(Prevalence Rate) प्रति १० हजार जनसंख्यामा १ भन्दा कम गर्ने ।
- कुष्ठरोगको नयाँ बिरामीहरु मध्ये बच्चा (० देखि १४ वर्ष) हरुमा असमर्थताको तह २ (Grade II disability)लाई शून्य बनाउने ।
- सबै निदान भएका कुष्ठरोगका बिरामीहरुमा तह २ असमर्थता (Grade II disability) लाई प्रति १० लाख जनसंख्यामा १ भन्दा कम गर्ने ।कुष्ठरोग प्रभावितहरुलाई भेदभाव हुने प्रकारको कानूनी प्रावधानहरुलाई शून्य बनाउने ।

**कुष्ठरोग सम्बन्धि सन्चालन भएका क्रियाकलापहरुः**

कार्यक्रम अन्तरगत सन्चालन गरिएका मुख्य क्रियाकलाप र उपलब्धिहरु :

- कुष्ठरोगका बिरामीहरूलाई उपचार सेवा
- संकास्पद बिरामीको पहिचानको लागि माईक्रोस्कोपिक सेन्टरमा प्रेषण सेवा
- कुष्ठरोग सम्बन्धि चौमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठिको आयोजना
- नियमित अनुगमन तथा सुपरिवेक्षण

**कुष्ठरोगको वर्तमान अवस्थाको विश्लेषणः**

*तालिका 10 कुष्ठरोगको अबस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| जम्मा कुष्ठरोग का बिरामिको संख्या | ० | ० | ० |
| जम्मा कुष्ठरोग बिरामी दर प्रति १०००० जनसंख्या | ० | ० | ० |
| जम्मा कुष्ठरोगी मध्ये MB बिरामी को प्रतिशत | ० | ० | ० |
| जम्मा बिरामी मध्ये १४ बर्ष मुनिका बालबालिकाहरुको प्रतिशत | ० | ० | ० |
| प्रति १ लाख जनसंख्यामा कुष्ठरोगको तह २ असमर्थता भएको बिरामीको संख्या | ० | ० | ० |

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| कुष्ठरोगीहरूका जाँचमा समस्या | समुदायमा शिविर सन्चालन गर्ने | स्वास्थ्य शाखा |

## २.३ क्षयरोग

क्षयरोग विश्वकै प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहेको छ । नेपालको कूल जनसंख्याको झण्डै ४५ प्रतिशत मानिसहरु यस रोगबाट संक्रमित छन्  जसमध्ये ६० प्रतिशत आर्थिक दृष्टिकोणले उत्पादनशील उमेरका मानिसहरु रहेका हुन्छन् । नेपालमा प्रतिवर्ष ४०००० नयाँ क्षयरोगीका बिरामीहरु देखिन्छन् जसमध्ये २०००० खकार पोजेटिभ हुन्छन् । ५००० देखि ७००० सम्म बर्षेनी यस रोगबाट मृत्यु हुने गरेको पाईन्छ । त्यसैले यस कार्यक्रमलाई नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा लिएको छ । यसको प्रभावकारी उपचार र नियन्त्रणको लागि नेपालमा सन् १९९६ देखि डट्स विधि द्वारा उपचार कार्यक्रम संचालन गरिएको छ । क्षयरोगको उपचारको लागि प्रयोगशाला सुविधा भएको स्थानलाई रोग निदान केन्द्र तथा सबै स्वास्थ्य चौकीहरुलाई डट्स उपचार केन्दको रुपमा संचालन गरिदै आएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले क्षयरोगमुक्त  विश्व बनाउने परिकल्पना (Vision) अनुसार सन् २०१६ देखि २०५० का लागि "The END TB Strategy" सार्वजनिक गरेको छ । यस रणनीतिलाई आत्मसात् गर्दै राष्ट्रिय क्षयरोग कार्यव्रmमले  निम्नानुसारको परिकल्पना तथा लक्ष्यहरू निर्धारणको गरिएको छ।

**परिकल्पनाः** सन् २०५० सम्ममा क्षयरोगको महामारी अन्त्य गर्ने (To end tuberculosis epidemic by 2050) । साथै सन् २०५० सम्म नयाँ क्षयरोगका बिरामी दर १ जना प्रति १० लाख भन्दा कममा झार्ने ।

**आवधिक लक्ष्यः** सन् २०१५ को तुलनामा सन् २०२१ सम्ममा क्षयरोगबाट प्रभावित नयाँ बिरामीको सङ्ख्या २० प्रतिशतले कम गर्ने । अर्थात बिरामी पत्ता लगाउने (Case notification) को सङ्ख्या सन् २०१६ को जुलाई देखि सन् २०२१ को जुलाई सम्ममा कूल सङ्ख्या २० हजार नयाँ क्षयरोगका बिरामी पत्ता लगाउने । क्षयरोगका कारणबाट हुने बिरामी दर कम गर्ने र मृतयु हने दर शून्य गर्ने।

### क्षयरोग सम्बन्धि सन्चालन भएका मुख्य कृयाकलापहरू

- क्षयरोग सम्बन्धि माईक्रोस्कोपिक क्याम्प सन्चालन
- स्वास्थ्य चौकीमा माईक्रोस्कोपिक केन्द्र सन्चालन
- पालिकाका सबै स्वास्थ्य चौकीहरूमा DOTS केन्द्र सन्चालन
- क्षयरोग सम्बन्धि चौमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठिको आयोजना
- नियमित अनुगमन तथा सुपरिवेक्षण

### क्षयरोग कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषणः

*तालिका 11 क्षयरोगको बर्तमान अबस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| केश नोटिफिकेसन दर प्रति १ लाख जनसंख्यामा | २२.२ | ६९.५ | ७१.३ |
| क्षयरोगको उपचार सफलता दर | १०० | १०० | १०० |
| क्षयरोगको निको हुने दर | १०० | ९४.७ | ९५.७ |
| क्षयरोगको पुरा अवधि औषधि खाने दर | १०० | १०० | १०० |
| जम्मा MDR क्षयरोगका बिरामी संख्या | ० | ० | ० |
| क्षयरोगबाट मृत्य भएको बिरामीको संख्या | ० | ० | ० |

माथि दिएको तथ्याङ्कलाई विश्लेषण गर्दा गत वर्षको तुलनामा यस वर्ष केश नोटिफिकेशन दर केही संख्यामा बडेको भएपनि अपेक्षित रूपमा केश फाईन्डिङ्ग भएको देखिंदैन ।

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| न्यून केश फाइन्डिङ्ग | सकृय खोजपड्तालको साथै क्षयरोग कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्व्यन गर्नुपर्ने | पालिका, रा.क्षे.के. |

## २.४ एच.आई.भि.एड्स तथा यौनरोग

नेपालमा सन् १९८८ मा पहिलो केश देखिए पछि एचआईभी लाई पनि जनस्वास्थ्यको समस्याको रुपमा लिई यस कार्यक्रम लागु गरिएको हो । हाल नेपालमा एचआईभी केन्द्रिकृत महामारी (Concentrated Epidemic) को रुपमा रहेको छ । विशेष गरी नेपालमा ८० प्रतिशत भन्दा बढी एचआईभीको संक्रमण असुरक्षित यौन सम्पर्कको माध्यमबाट सर्ने गरेको पाईएको छ । त्यसैगरी सुईद्वारा लागु पदार्थ लिनेहरु, यौन कर्मी महिलाहरु, पुरुष समलिंगीहरु उच्च जोखिमको समूहमा रहेका छन् भने आप्रवासी कामदारहरु, र यौनकर्मी महिलाका ग्राहकहरु पनि बढी जोखिमको रुपमा रहेका र ती वाट अन्य मानिसहरुमा एचआईभी को संक्रमण फैलिने गरेको हुदाँ उनीहरु सेतु (Bridge) को रुपमा काम गरि रहेका छन् । सन् २०१६ को तथ्यांक अनुसार  नेपालमा एचआईभीको Prevalence rate ०.१७ प्रतिशत रहेको छ ।

**लक्ष्यः** एचआईभी रोकथाम, उपचार, हेरचाह र सहयोगमा सर्वव्यापी पहुँच पु¥याउने ।
**उद्देश्यः**

- मुख्य समूहहरु ९० प्रतिशतको पहिचान, सिफारिस तथा परिक्षण गर्ने ।
- एचआईभी भएको निदान भएका ९० प्रतिशत व्यक्तिहरुको उपचार गर्ने ।
- एचआईभी  निदान भएका मध्ये ९० प्रतिशत व्यक्तिहरुलाई एन्टि रेट्रोभाईरल निरन्तर उपचारमा राख्ने ।
- आमाबाट बच्चामा हुने संक्रमणको निवारण गर्ने र आमाहरुलाई जीवित तथा स्वस्थ राख्ने।
- जन्मजात सिफलिस उन्मूलन गर्ने ।
- नयाँ एचआईभी संक्रमणमा ७५ प्रतिशतले कमी ल्याउने ।

**एच.आई.भि.एड्स सर्ने माध्यामहरु लाई न्यूनिकरण गर्न सन्चालन भएका मुख्य कृयाकलापहरूः**

- सबै गर्भवति सेवा लिने महिलाहरूलाई निःशुल्क एच.आई.भि. जाँच सेवा
- स्वास्थ्य चौकीमा सबै शंकास्पद बिरामीलाई निःशुल्क एच.आई.भि. जाँच सेवा
- स्वास्थ्य चौकीमा यौनरोगको जाँच सेवा
- सबै स्वास्थ्य चौकीमा निःशुल्क उपचार सेवा
- स्वास्थ्य शिक्षा तथा परामर्श सेवा
- एच.आई.भि./एड्स तथा यौनरोग सम्बन्धि तालिम सन्चालन
- नियमित अनुगमन तथा सुपरिवेक्षण

## एच.आई.भि.एड्स तथा यौनरोगको वर्तमान अवस्थाको विश्लेषणः

*तालिका 12 एच.आई.भि एड्स तथा यौनरोगको अबस्था*

| सुचकहरू | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
|---|---|---|---|
| जम्मा समुदायमा आधारित PMTCT  केन्द्र | ५ | ५ | ५ |
| PMTCT केन्द्रबाट सेवा लिएका जम्मा गर्भवति महिलाहरुको संख्या | २७८ | १०१ | १५८ |
| PMTCT +ve गर्भवति महिलाहरुको संख्या | ० | ० | ० |
| जम्मा एच.आई.भि बिरामीको संख्या | ० | ० | ० |
| जम्मा यौनरोग जाँच गरिएको संख्या | ० | ० | ० |
| जम्मा सामुदायिक स्याहार केन्द्रको संख्या | ० | ० | ० |
| जम्मा ART केन्द्र संख्या | ० | ० | ० |
| ART मा आवद्ध भएको सेवाग्राहीहरुको जम्मा संख्या | ० | ० | ० |
| AIDS बाट मृत्यु भएकाको जम्मा संख्या | ० | ० | ० |

माथि दिएको तथ्याङ्कलाई विश्लेषण गर्दा गत वर्षको तुलनामा यस वर्ष PMTCT केन्द्रबाट सेवा लिएका जम्मा गर्भवति महिलाहरुको संख्या केही संख्यामा घटेको देखिंन्छ ।

### मुख्य चुनौती तथा समाधानका उपायहरु

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| परिक्षणमा समस्या | जाँच तथा निदानमा वृध्दि गर्न विभिन्न कृयाकलापहरू संचालन गर्नुपर्ने | पालिका, अस्पताल तथा NCASC |
| PMTCT kit को अभाव | समयमा सम्बन्धित निकाय सँग माग गर्ने | स्वा.शा.प्र, स्वा.सं. |

## २.५ आँखा तथा दन्त स्वास्थ्य सेवाः

आँखा सम्बन्धि यस गाउँपालिकाको सुचांकको अवस्था

*तालिका 13 आँखा सम्बन्धी मुख्य रोगहरूको अवस्था*

| सुचांक | २०७७।०७८ | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| Traumatic eye disease | ० | १२ | १२ |
| Uveitis | ० | ० | ० |
| Macular degeneration (age related) | ० | ० | ० |
| Amblyopia (Lazy eye) | ० | ० | ० |
| Squint | ० | ० | ० |
| Retinitis pigmentosa | ० | ० | ० |
| Night blindness/visual disturbance | ० | ० | ० |
| Retinoblastoma | ० | ० | ० |

माथि दिएको तथ्याङ्कलाई विश्लेषण गर्दा यस वर्षमा आँखा सम्बन्धि सेवा लिने धेरै कम देखिंन्छ ।

**दन्त सेवा सम्बन्धि यस गाउँपालिकाको सुचांकको अवस्थाः**

*तालिका 14 दन्त सेवाको अवस्था*

| सुचांक | २०७७।०७८ | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| Dental caries | ११६ | ५४ | १७० |
| Toothache | ९४ | ४७ | १४१ |
| Periodontal disease (gum disease) | ७ | ३ | १० |
| Other disorder of teeth | १ | १ | २ |
| Oral ulcer (Aphthous & herpectic) | ५ | ४ | ९ |
| Tooth impaction | १ | १ | २ |
| Hypoplasia | ० | ० | ० |
| Leukoplakia | ० | ० | ० |
| Fungal infection (candiadiasis) | २० | १७ | ३७ |
| Oral space infection and abscess | ० | ० | ० |

माथि दिएको तथ्याङ्कलाई विश्लेषण गर्दा गत वर्ष भन्दा यस वर्षमा उल्लेखित सबै दन्त सेवाको सुचकहरुमा वृद्धि भएको पाईन्छ।

**मुख्य चुनौती तथा समाधानका उपायहरु**

| मुख्य चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| जनचेतनाको अभाव | जनचेतना सम्बन्धी कार्यक्रम संचालन | पालिका तथा सम्बन्धित निकायहरू |
| सेवा सर्वशुलभ उपलब्धता | सेवाको विस्तार गर्नुपर्ने | पालिका तथा सम्बन्धित निकायहरू |

## २.६ सडक दुर्घटना

